**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ अक्टुबर २०२४

समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मुले भारतको अन्तरिक्ष कार्यक्रमलाई नयाँ ऊँचाईमा पुरयाउन भारतीय अन्तरिक्ष अनुसंधान संगठन ईसरोको योगदानको सराहना गर्नुभएको छ।

२. विदेशमंत्री जशंकरले भन्नुभएको छ विगत ११ वर्ष हरूमा देशमा स्थिर सरकार रहनाले देश्को वैश्विक स्थिर धेरै बलियो भएर गएको छ।

३. स्पेनका राष्ट्रपति पेड्रो सांचेज आज देखि तीन दिने भारत भगमणमा आउँदै हुनुहुन्छ।

४. प्रधानमंत्री नरेन्द्र मोदीले आज आकाशवाणीको मन की बात कार्यक्रममा बिहान ११ बजे आफ्नो विचारहरूलाई देशवासीहरू समक्ष साझा गर्नु हुनेछ।

५. मेक्सिकोमा भएको एक सड़क दुर्घटनामा २४ जनाको ज्यान गएको छ।

**<u>प्रेसिडेन्ट ईसरो</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले भारतको अन्तरिक्ष कार्यक्रमलाई नयाँ ऊँचाईमा लैजान भारतीय अनुसंधान अन्तरिक्ष संगठन को योगदानलाई सराहना गर्नुभयो। हिजो आकाशवाणीको रंग भवन दिल्लीमा सरदान पटेल स्मारक व्याख्यान २०२४ को अवसरमा एक भिडियो संदेशमा राष्ट्रपतिले आफ्नो संदशेमा स्वतन्त्रता पछि विभिन्न रियासहरूको राष्ट्रमा राजनीतिक एकीकरणको माध्यमबाट आधुनिक भारतको निर्माता रहेको कुरामा प्रकाश पार्नुभयो। राष्ट्रपतिले Statue of Unity ले पनि सरदार पटेलको समृद्ध विरासतको निम्ति एक साँचो श्रदाजंली अपर्ण गरिरहेको कुराको उल्लेख गर्नुभयो।

**बाईट**

नयाँ मोर्चाको खोजीमा भारतीय अंतरिक्ष यात्रा विषयमा सरदार पटेल स्मारक बारे व्याख्यान दिनुहुँदै ईसरोका अध्यक्ष ड़ा. एस. सोमनाथले भन्नुभयो भारत आउँदो १० वर्षमा वैश्विक अन्तरिक्ष अर्थ व्यवस्थामा आफ्नो योगदान प्रतिशतसम्म बढ़ने इच्छा राख्दछ। उहाँले अझ भन्नुभयो वर्तमानमा वैश्विक अन्तरिक्ष अर्थव्यवस्थामा भातरो योदान केवल २ प्रतिशत छ र देशले यसलाईबढ़ाउन चाहिरहेछ। ईसरो प्रमुखले भन्नुभयो- सरकारले अन्तरिक्ष क्षेत्रमा सुधार ल्याउनको निम्ति धेरै पाईला उठाएको छ। उहाँले बताउनुभयो सरकारले भारतीय अन्तरिक्ष नीति २०२३ शुरू गरेको छ र अन्तरिक्ष क्षेत्रको निम्ति एफ.डी.आई उदान बनाएको छ। वर्तमानमा अन्तरिक्ष क्षेत्रमा स्वदेशीकरणको प्रगति बारेमा भन्नुहुँदै ड़ा. सोमनाथले भन्नुभयो- भारत आयातमा आफ्नो निर्भरता कम्ती गर्ने दिशामा काम गरिरहेछ। भारतको आगामी अन्तरिक्ष अभियानहरू बोरमा बोल्नू हुँदै ड़ा. सोमनाथले भन्नुभयो ईसरोले आउने वर्षहरूमा आफ्नो मानव सहित मिशन गगनयान लन्च गर्ने योजना बनाईरहेछ। डहाँले भन्नुभयो भारत उपग्रहलाई आफ्नो इच्छित कक्षमा लानको निम्ति आफ्नो घरेलु Electric Thruster को परक्षण गर्नेछ।

यस अवसरमा प्रसार भरतीका अध्यक्ष नवनीत सहगलले भन्नुभयो चन्द्रयान जस्तो उपलब्धिले राष्ट्रले प्रसार भारतीमा सीईओ गौरव द्विवेदी र आकाशवाणीका डारेक्टर जेनरल ड़ा. पालीवाल गौरव पनि उपस्थित थिए। सरदान पटेल स्मारक व्याख्यानको आयोजन आकाशवाणीद्वारा सरदार बल्लभ भाई पटेलको याद गरिन्छ जो एक महान दूरदर्शी थिए।

बाईट

****** ० ******

**बीजेपी सूची**

भारतीय जनता पार्टीले महाराष्ट्र विधानसभा चुनावका लागि २२ उम्मेदवारहरूको दोस्रो सूची जारी गरेको छ। पार्टीले नासिक सेन्ट्रल सिटबाट देवयानी सुहास फरांदेलाई उम्मेदवार बनाएको छ । गडचिरोलीबाट डा मिलिन्द रामजी नरोटे र मलकापुर विधानसभा क्षेत्रबाट चैनसुख मदनलाल संचेतीलाई उम्मेदवार बनाएको छ ।

****** ० ******

**दिवाली-छठ पूजा विशेष रेल**

दिवाली र छठ पूजाको बोला यात्रिहरूको सुविधाका लागि उत्तर रेलवेले आज देखि सात नोभेम्बर सम्म विशेष रेलगाडिहरूको १६५ अतिरिक्त फेरा लगाउन शुरू गरेकोछ। य ो रेलगाडिहरू नयाँ दिल्ली र आनंद विहार रेलवे स्टेशन देखि उपलब्ध हुने छन्। या रेलगाडिहरूमा विशेष गरि पटनाए कटिहारए दरभंगा सहित पूर्व दिशा तर्फ जाने रेलगाडिहरू शामेल छन्।उत्तर रेलवेका महाप्रबंधक अशोक कुमार वर्माले बताए अनुसार यात्रिहरूलाई सजिलो यात्रा सुनिश्चित गर्न विगत वर्षको तुलना यो वर्ष एक लाख सत्तर हजार भन्दा अधिक अतिरिक्त सीटहरू उपलब्ध रहने छन्। उहाँले अझ भन्नु भयो यी विशेष रेलगाडिहरूमा अनारक्षित श्रेणीका झण्डै ५४ हजार यात्रिहरूका लागि पनि सीटहरू बढ़ाइएका छन्। श्री वर्माले अझ बताए कि यात्रिहरूको भीडभाडलाई व्यवस्थित गर्नका लागि नयाँ दिल्ली र आनंद विहार रेलवे स्टेशनमा विशेष पंडाल लगाइएको छ। यहां यात्री टिकट किन्नका साथ आराम पनि गर्न सक्ने छन्। उहाँले यो पनि भन्नु भयो कि नयाँ दिल्ली रेलवे स्टेशनबाट पूर्व दिशा तर्फ जाने यी सबै विशेष रेलगाडिहरू प्लेटफार्म नंबर १६ देखि परिचालित हुने छन्।

****** ० ******

**सरकार.सोशल मीडिया बम परामर्श**

केन्द्र सरकारले सोशल मीडियामा बम हुने झूठो धमकीहरू माथि लगाम कस्न एउटा परामर्श जारी गरेकोछ। सरकारले सोशल मीडियामा आउने झूठो धमकिहरूलाई तत्काल हटाउने र संबंधित अधिकारिहरूका साथ सहयोग गर्ने निर्देश दिएकोछ। इलेक्ट्रॉनिकी अनि सूचना प्रौद्योगिकी मंत्रालयले एउटा वक्तव्य जारी गरि भनेकोछ - सोशल मीडिया माध्यमहरूले सूचना प्रौद्योगिकी अधिनियम २०००ए सूचना प्रौद्योगिकी नियम २०२१ र भारतीय न्याय संहिता २०२३ को पालन अवश्य गर्नु पर्ने हो। मंत्रालयले भनाई छ कि सूचना प्रौद्योगिकी नियम २०२१ बमोजिम कुनै पनि ढीलो नगरि आवश्यक कदम उठाउनु सोशल मीडियाका मध्यस्थहरू सहित सबै संबंधित मध्यस्थहरूको जिम्मेवारी हो। मंत्रालयले अझ भनेकोछ - सोशल मीडियाका मध्यस्थहरूले जांच र साइबर सुरक्षा प्रयासहरूमा सहायता प्रदान गर्नका लागि ७२ घंटा भित्रमा अधिकृत सरकारी एजेंसिहरूलाई प्रासंगिक सूचना र सहायता उपलब्ध गराउने आवश्यकता छ।

****** ० ******

**कांग्रेस-महाराष्ट्र चुनाव सूची**

महाराष्ट्र विधानसभा चुनावको निम्ति कांग्रेसले 16 उम्मीदवारहरुको अर्को सूची जारी गरेको छ। पार्टीले अंधेरी पश्चिम विधानसभा सीटबाट सचिन सावंत अनि वांद्रे पश्चिम विधानसभा सीट बाट आसिफ जकरियालाई उम्मीदवार बनाएको छ। यो भन्दा पहिले कांग्रेसले 23 उम्मीदवारहरुको नामको घोषणा गरेको थियो। महाराष्ट्र विधानसभा चुनावको निम्ति मंगलवार सम्म नामांकन दर्ता गर्न सक्ने छ |

****** ० ******

**अजित पवार - एलईडी भ्यान**

महाराष्ट्र विधानसभा चुनाव अभियानको एक भागको रूपमा उपमुख्यमन्त्री र राष्ट्रवादी कांग्रेस पार्टी-एनसीपी नेता अजित पवारले धेरै L.E.D. भ्यानहरुलाई झण्डा देखाएर रवाना गर्नु भयो। यी भ्यानहरुले जनतालाई महायुती

सरकारले सुरु गरेका विभिन्न परियोजनाहरुको जानकारी दिनेछ। एक सन्देशमा श्री पवारले L.E.D. भ्यानहरुको माध्यम द्वारा सरकारको विकास केन्द्रित लोक कल्याणकारी पहललाई तल्लो तहमा पुरयाउनु र पार्टीको भविष्यको दृष्टिकोणबारे जानकारी दिन यो अभियान सुरु गरिएको हो भन्नु भयो ।

****** ० ******

**<u>स्पेन . राष्ट्रपति</u>**

स्पेनका राष्ट्रपति पेड्रो सांचेज़ आज देखि भारतको तीन दिने भ्रमणमा नयाँ दिल्ली आउँदै हुनु हुन्छ। बारतको विदेश मंत्रालयले एक बयानमा भनेको छ कि उहँको यो पहिलो भारत यात्रा हो। स्पेनका कुनै पनि राष्ट्रपतिको १८ वर्ष पछि यो पहिलो भारत यात्रा हुनेछ। यद्यपी यस अघि प्रधानमंत्री नरेन्द्र मोदी र स्पेनका राष्ट्रपति सांचेज़ बीच कैयन पल्ट बहुपक्षीय बैठकहरूको बेला भोटघाट भइ सकोको छ। राष्ट्रपति सांचेज़ले आफ्नो यस यात्राको बेला प्रधानमंत्री मोदीसित प्रतिनिधिमंडल स्तरिय वार्ता गर्नु हुनेछ। दुवै नेता वडोदरामा ब.२९५ विमानको फाइनल असेंबली लाइन प्लांटको पनि उद्घाटन गर्नु हुनेछ, जो श्मेक इन इंडियाश को एक प्रमुख पहल हो। यसलाई एयरबस स्पेनको सहयोगले टाटा एडवांस्ड सिस्टम्स द्वारा स्थापित गरिनेछ। विदेश मंत्री डॉण् एसण जयशंकरले पनि राष्ट्रपति सांचेज़ सित भोट वार्ता गर्नु हुने छ। आफेनो श्रीमतिका साथ भारत यात्रामा आइरहेका राष्ट्रपति सांचेज़ मुंबईमा व्यापारिहरूए उद्योगपतिहरू र फिल्म जगतका व्यक्तिहरूसित पनि वार्ता गर्नु हुनेछ। उहाँको यस भारत भ्रमणको बेला दुवै देश बीच कैयन समझौताहरूमाथि हस्ताक्षर हुने सम्भावनाछ, जसमा द्विपक्षीय सहयोगलाई बढ़ुवा मिल्नेछ।

**<u>पीएम-मन की बात</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजी आकासबाणीमा 'मन की बात' कार्यक्रममा देश तथा विदेशका मानिसहरु सँग आफ्ना विचार राख्नु हुनेछ | यो मासिक रेडियो कार्यक्रमको 115 औं शृङ्खला हुनेछ। यो कार्यक्रम आकासबाणीमा र दूरदर्शनका सबै नेटवर्कहरू, आकासबाणी समाचार वेबसाइट र news on air मोबाइल एपमा प्रसारण गरिनेछ। यो आकासबाणी समाचार, D.D. News प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलबाट पनि प्रत्यक्ष प्रसारण हुनेछ। हिन्दीमा प्रशारण भए पश्चात लगत्तै क्षेत्रीय भाषामा पनि कार्यक्रम प्रसारण हुनेछ।

****** ० ******

**मेक्सिको.दुर्घटना**

मेक्सिकोको जकाटेकासमा हिजो भएको एक ट्रक र बसको टक्करमा कम्तीमा पनि २४ जनाको ज्यान गएकोछ। यस दुर्घटनामा अन्य पांच जना घाइते भएका छन्। घाइतेहरूलाई स्थानीय अस्पतालमा उपचारका लागि भर्ती गराइएकोछ।

****** ० ******